सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक १३ ♦ २०८३ साल असोज २५ आइतवार ♦ 11 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# घट्दै धान उत्पादन, उन्नत जातको खोजीमा वैज्ञानिक

## जलवायु अनुकूल र बढी फल्ने जात विकासमा अनुसन्धान केन्द्रित, किसानसम्म बिउ पुऱ्याउन चुनौती






**अजयकुमार साह**

**असोज २४ गते, बर्दिवास**

कुनै समय नेपालबाट धान-चामल निर्यात हुने गरे पनि पछिल्ला वर्ष आन्तरिक उत्पादन घट्दै गएपछि मुलुकलाई धानमा आत्मनिर्भर बनाउन चुनौती थपिएको छ। खेती हुने क्षेत्रफलसँगै उत्पादन र उत्पादकत्वसमेत घट्न थालेपछि कम जमिनबाट बढी उत्पादन लिन सकिने, बदलिँदो जलवायु अनुकूल हुने र किसानको लागत घटाउने धानका नयाँ जात विकास गर्न अनुसन्धान तीव्र पारिएको छ।

धान उत्पादनको महत्त्वपूर्ण क्षेत्र मानिने मधेश प्रदेशमा समेत सिँचाइको अवस्था, अनियमित मनसुन, गुणस्तरीय बिउ तथा मलखादको उपलब्धता र आधुनिक खेती प्रविधिको प्रयोगले उत्पादनमा प्रभाव पार्दै आएको छ। त्यसमाथि जलवायु परिवर्तनका कारण कहिले लामो समयसम्म सुक्खा हुने त कहिले एकैपटक अत्यधिक वर्षा भएर खेत डुबानमा पर्ने समस्याले धान खेती थप जोखिमपूर्ण बन्दै गएको छ।

यिनै चुनौतीलाई ध्यानमा राखेर नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत धनुषाको सपहीमा रहेको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथले विभिन्न हावापानी र उत्पादन अवस्थाअनुसार धानका नयाँ जात विकास, परीक्षण तथा सिफारिस गर्दै आएको छ। तर अनुसन्धानबाट विकास भएका जातको पर्याप्त प्रचारप्रसार हुन नसक्नु र गुणस्तरीय बिउ किसानसम्म सहज रूपमा नपुग्नुले अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको अनुसन्धानकर्ताहरू बताउँछन्।

### एक वर्षमै घट्यो दुई लाख ५० हजार मेट्रिक टन उत्पादन

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा नेपालमा १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफलमा धान खेती हुँदा ५७ लाख पाँच हजार १२६ मेट्रिक टन उत्पादन भएको थियो। त्यसको अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा धान खेती हुँदा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएको थियो।

यसरी एक वर्षमा धान खेती हुने क्षेत्रफल ४३ हजार ७६४ हेक्टरले घटेको छ भने उत्पादन दुई लाख ५० हजार ३५० मेट्रिक टनले कम भएको छ। प्रतिशतका आधारमा धान उत्पादनमा करिब ४.२० प्रतिशत गिरावट आएको देखिन्छ। उत्पादकत्वसमेत प्रतिहेक्टर ४.१९ मेट्रिक टनबाट घटेर ४.१४ मेट्रिक टनमा झरेको छ।

धान उत्पादनमा आएको यो गिरावटले कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाका लागि अनुसन्धान, प्रविधि र कृषि सेवाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता देखाएको छ। धानमा आत्मनिर्भर बन्न उत्पादन क्षेत्र विस्तार गर्नु मात्र पर्याप्त हुँदैन। उपलब्ध जमिनबाट बढी उत्पादन लिन सक्ने जात, समयमै खेती गर्ने प्रविधि र भरपर्दो सिँचाइ व्यवस्था पनि उत्तिकै आवश्यक हुन्छ।

### किसानको आवश्यकताअनुसार नयाँ जातको अनुसन्धान

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथले विभिन्न भौगोलिक क्षेत्र, हावापानी र खेती प्रणालीअनुसार उपयुक्त हुने धानका जात विकास तथा सिफारिस गर्दै आएको छ। कार्यक्रमका प्रवक्ता तथा वरिष्ठ प्राविधिक रवीन्द्रप्रसाद साहका अनुसार किसान र सरोकारवालाबाट प्राप्त समस्या तथा राष्ट्रिय प्राथमिकतालाई आधार बनाएर अनुसन्धान अघि बढाइन्छ।

उहाँका अनुसार हर्दिनाथ-१, हर्दिनाथ-६, बहुगुणी-२, चैते-५, रामधान, साम्बा मन्सुली सब-१ र हर्दिनाथ हाइब्रिड-१ लगायतका जात किसानका लागि सिफारिस गरिएका छन्। यी जात पाक्ने अवधि, उत्पादन क्षमता र प्रतिकूल अवस्था सहन सक्ने विशेषताका आधारमा फरक-फरक उपयोगका लागि उपयुक्त छन्।

*बाँकी पृष्ठ २ मा*

# दशैंका लागि नव बेहुँली झैं सिंगारियो राजदेवी मन्दिर

**खबर दर्पण समाचारदाता**

**असोज २४ गते, बर्दिवास**

विजया दशमी नजिकिएसँगै जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरलाई आकर्षक रूपमा सजाइएको छ। दशैंमा हुने विशेष पूजाआराधना र भक्तजनको भीडलाई ध्यानमा राख्दै मन्दिरमा सजावटसँगै सुरक्षा तथा दर्शन व्यवस्थापनको तयारीसमेत तीव्र पारिएको छ।

मिथिलाको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचानसँग जोडिएको राजदेवी मन्दिरको मुख्य प्रवेशद्वारदेखि गर्भगृहसम्म रङ्गीन बत्ती, फूलमाला र तोरणले सजाइएको छ। राजा जनककी कुलदेवीका रूपमा श्रद्धा गरिने राजदेवी मन्दिरमा दशैंका अवसरमा विशेष पूजाआराधना हुने गर्छ।

मन्दिरलाई आकर्षक बनाउन भारतबाट सजावटी सामग्री ल्याएर प्रयोग गरिएको पूजा व्यवस्थापन समितिले जनाएको छ। पूजाआराधनासँगै सांस्कृतिक गतिविधि र मनोरञ्जनका कार्यक्रमसमेत सञ्चालन गर्ने तयारी गरिएको छ।

राजदेवी मन्दिरमा विशेषगरी महाअष्टमी, महानवमी र विजया दशमीका दिन भक्तजनको उल्लेख्य भीड लाग्ने गर्छ। मिथिला क्षेत्रका विभिन्न स्थानका साथै अन्य जिल्ला र भारतबाट समेत श्रद्धालु यहाँ दर्शन तथा पूजाआराधनाका लागि आउने गर्छन्।

महावीर युवा कमिटीका अध्यक्ष दीपककुमार साहका अनुसार मन्दिरमा पूजाआराधना र दर्शनलाई व्यवस्थित बनाउन विभिन्न समिति तथा उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँट गरिएको छ। भक्तजनको सेवामा ५० जना स्वयंसेवक परिचालन गर्ने तयारी गरिएको उहाँले बताउनुभयो।



उहाँका अनुसार मूलपूजा, कालरात्रि पूजा, सुरक्षा, महाप्रसाद वितरण, खोइँछ भराइ, सजावट, लाइन व्यवस्थापन, रावण दहन, विजय जुलुस, मनोरञ्जन मेला र सरसफाइका लागि छुट्टाछुट्टै जिम्मेवारी तोकिएको छ। यस वर्षको उत्सवलाई विगतका वर्षभन्दा अझ व्यवस्थित र भव्य बनाउने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो।

भक्तजनको भीड व्यवस्थापन गर्न महिला र पुरुषका लागि छुट्टाछुट्टै दर्शन लाइनको व्यवस्था गरिएको छ। मन्दिर परिसरमा सीसीटीभी क्यामेराबाट निगरानी गर्ने, प्रवेशद्वारमा स्वयंसेवक खटाउने र सुरक्षासम्बन्धी समितिलाई सक्रिय बनाउने तयारी गरिएको अध्यक्ष साहले बताउनुभयो।

दशैंका अवसरमा मन्दिर परिसरमा सांस्कृतिक गतिविधि सञ्चालन गर्नुका साथै आगन्तुकको मनोरञ्जनका लागि

*बाँकी पृष्ठ ३ मा*

# घट्दै धान उत्पादन, उन्नत जातको …………

हर्दिनाथ-१ छोटो अवधिमा पाक्ने जात हो। यो करिब ११० देखि ११५ दिनमा पाक्छ र प्रतिहेक्टर करिब ४.०३ मेट्रिक टन उत्पादन क्षमता भएको जातका रूपमा सिफारिस गरिएको छ। छोटो अवधिमा बाली भित्र्याउनुपर्ने र खेतीको अर्को चक्रका लागि समय व्यवस्थापन गर्नुपर्ने किसानका लागि यस्तो जात उपयोगी हुन सक्छ।

त्यस्तै, चैते-५ करिब १२० देखि १२५ दिनमा पाक्छ र प्रतिहेक्टर करिब ४.६ मेट्रिक टन उत्पादन क्षमता राख्छ। हर्दिनाथ-६ करिब १३५ दिनमा पाक्ने र प्रतिहेक्टर करिब ५.२१ मेट्रिक टन उत्पादन दिन सक्ने जात हो।

अनुसन्धान कार्यक्रमका अनुसार बहुगुणी-२ करिब १४२ दिनमा पाक्छ र प्रतिहेक्टर करिब ५.८ मेट्रिक टन उत्पादन क्षमता राख्छ। यो जात बाढी तथा धानको प्रजनन अवस्थामा हुने सुख्खा सहन सक्ने विशेषताका लागि सिफारिस गरिएको हो।

त्यस्तै, हर्दिनाथ हाइब्रिड-१ करिब १२१ दिनमा पाक्ने र प्रतिहेक्टर ६.४७ मेट्रिक टनसम्म उत्पादन दिन सक्ने जात हो। नार्कले यसलाई नेपालको पहिलो नेपाली हाइब्रिड धानका रूपमा उल्लेख गरेको छ।

यी जातका विशेषता हेर्दा किसानले आफ्नो खेतको अवस्था, उपलब्ध सिँचाइ, रोपाइँको समय र बजारको मागअनुसार उपयुक्त जात छनोट गर्न सके उत्पादन बढाउने सम्भावना देखिन्छ।

## सिफारिस भएका जात किसानसम्म पुऱ्याउनै चुनौती

नयाँ जात विकास गर्नु अनुसन्धानको एउटा महत्त्वपूर्ण चरण हो। तर त्यसबाट किसानले लाभ लिनका लागि पर्याप्त मात्रामा गुणस्तरीय बिउ उत्पादन, समयमै वितरण र खेती प्रविधिबारे जानकारी उपलब्ध गराउनु पनि आवश्यक हुन्छ। यही चरणमा कमजोरी देखिएको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमका अधिकारीहरू बताउँछन्।

कार्यक्रमका प्रमुख मथुरा यादवका अनुसार अनुसन्धानबाट सिफारिस गरिएका केही जातको पर्याप्त प्रचारप्रसार हुन नसक्दा किसानले तिनको विशेषताबारे जानकारी पाउन सकेका छैनन्।

“हर्दिनाथ-६ करिब १३५ दिनमा पाक्छ र राम्रो उत्पादन दिन्छ। तर यसको प्रचारप्रसार पर्याप्त नहुँदा किसानले अपेक्षित रूपमा लगाएको पाइँदैन,” यादवले भन्नुभयो।

उहाँका अनुसार वर्षौंको अनुसन्धानपछि सिफारिस गरिएका जात किसानले प्रयोग गर्न नसक्दा अनुसन्धानमा भएको लगानीअनुसार को प्रतिफल प्राप्त गर्न कठिन भएको छ। किसानले नयाँ जात अपनाउन चाहँदा पनि बिउ उपलब्ध नहुने वा त्यसबारे प्राविधिक जानकारी नपाउने अवस्था रहेमा अनुसन्धानको उपलब्धि खेतसम्म पुग्न सक्दैन।

यसका लागि अनुसन्धान केन्द्र, बिउ उत्पादक संस्था, कृषि प्रसार संयन्त्र, स्थानीय तह र किसानबीच समन्वय आवश्यक देखिन्छ। सिफारिस गरिएका जातको विशेषता, उपयुक्त क्षेत्र, उत्पादन क्षमता र खेती गर्ने तरिकाबारे किसानलाई जानकारी दिन सके नयाँ जातको प्रयोग बढाउन सकिने अनुसन्धानकर्ताहरूको विश्वास छ।

## जलवायु परिवर्तनसँग जुध्ने जातको आवश्यकता

धान खेतीमा मौसमको भूमिका महत्त्वपूर्ण हुन्छ। रोपाइँको समयमा पर्याप्त पानी नपर्नु, लामो समयसम्म सुख्खा रहनु, अत्यधिक वर्षा हुनु, बाढी आउनु र तापक्रममा असामान्य वृद्धि हुनुले उत्पादनमा असर पार्न सक्छ। विशेषगरी सिँचाइको भरपर्दो सुविधा नभएका क्षेत्रमा किसानले मनसुनमा निर्भर भएर खेती गर्नुपर्ने अवस्था छ।

यस्तो अवस्थामा बढी उत्पादन दिने जातसँगै प्रतिकूल मौसम सहन सक्ने जातको विकास आवश्यक बन्दै गएको छ। बाढी र सुख्खा दुवैको जोखिम भएका क्षेत्रमा बहुगुणी-२ जस्ता जात उपयोगी हुन सक्ने अनुसन्धानकर्ताहरू बताउँछन्।

पानी जम्ने र डुबान हुने क्षेत्रका लागि गंगासागर-१ र गंगासागर-२ जस्ता जात तथा चैते खेतीका लागि हर्दिनाथ-१ र चैते-५ उपयोगी हुन सक्ने साहको भनाइ छ। उहाँका अनुसार हाइब्रिड जातको प्रयोगबाट पनि उत्पादन बढाउने सम्भावना छ, तर त्यसका लागि किसानलाई जातअनुसारको उपयुक्त खेती प्रविधि र व्यवस्थापनबारे जानकारी दिन आवश्यक छ।

बदलिँदो मौसममा एउटै जात सबै ठाउँमा उपयुक्त नहुन सक्ने भएकाले किसानले स्थानीय हावापानी, माटो, पानीको उपलब्धता र खेतीको समयअनुसार जात छनोट गर्नुपर्ने अनुसन्धानकर्ताहरूको सुझाव छ।

## उत्पादन र गुणस्तरबीचको सन्तुलन

धानको जात छनोट गर्दा उत्पादन क्षमतासँगै बजारको माग र चामलको गुणस्तरलाई पनि ध्यान दिनुपर्ने साह बताउनुहुन्छ। बास्मती, लल्का बास्मती र कालानमकजस्ता जातको चामल लामो, मसिनो र स्वादिलो हुने भएकाले बजारमा माग हुन सक्छ। तर यस्ता जातको उत्पादन बढी फल्ने जातको तुलनामा कम हुन सक्ने उहाँको भनाइ छ।

“बास्मती, लल्का बास्मती र कालानमकजस्ता जातको उत्पादन प्रतिहेक्टर करिब एक मेट्रिक टनसम्म हुन सक्छ। तर बढी उत्पादन दिने जात लगाउँदा त्यही क्षेत्रफलबाट पाँचदेखि छ मेट्रिक टनसम्म उत्पादन लिन सकिन्छ,” साहले भन्नुभयो।

यसले धानको जात छनोटमा किसानले उत्पादन मात्रा मात्र नभई बजार मूल्य, उपभोक्ताको रुचि र खेतीको लागतसमेत विचार गर्नुपर्ने देखाउँछ। बजारमा विशेष चामलको माग भएका क्षेत्रमा गुणस्तरलाई प्राथमिकता दिन सकिन्छ भने खाद्यान्न उत्पादन बढाउनुपर्ने क्षेत्रमा बढी उत्पादन दिने जात उपयोगी हुन सक्छ।

## अनुसन्धानमा वैज्ञानिक, किसानको खेतसम्म प्रविधि पुऱ्याउने प्रयास

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले कार्यालय परिसरको करिब ६५ बिघा क्षेत्रफलमध्ये १५ बिघामा विभिन्न जातको रोपाइँ गरी परीक्षण तथा अनुसन्धान गर्दै आएको छ। केन्द्रमा उत्पादन र गुणस्तरलगायतका पक्षको परीक्षण गरिन्छ। त्यसपछि किसानको खेतमा समेत परीक्षण गरेर उपयुक्त ठहरिएका जात सिफारिस गर्ने गरिएको कार्यक्रमले जनाएको छ।



केन्द्रमा सात जना वैज्ञानिक धानसम्बन्धी अनुसन्धान, अध्ययन र प्रयोगात्मक काममा संलग्न छन्। उनीहरूले बढी उत्पादन दिने जातसँगै जलवायु परिवर्तनका कारण उत्पन्न समस्यालाई सम्बोधन गर्ने प्रविधि र जातको खोजी गरिरहेका छन्।

तर अनुसन्धानको उपलब्धि किसानसम्म पुऱ्याउन गुणस्तरीय स्रोत बिउ उत्पादन र वितरण, प्राविधिक परामर्श तथा खेती प्रविधिको विस्तार आवश्यक रहेको प्रमुख यादव बताउनुहुन्छ।

उहाँका अनुसार किसानले समयमै बिउ पाउनुका साथै आफ्नो खेतको अवस्थाअनुसार उपयुक्त जात छनोट गर्न सक्ने वातावरण बनाउनुपर्छ। बिउको पहुँच र प्राविधिक सहयोग कमजोर भए अनुसन्धानबाट विकसित जात तथा प्रविधिले अपेक्षित परिणाम दिन सक्दैनन्।

## अनुसन्धानसँगै प्रसार र बिउ वितरणमा जोड दिनुपर्ने

धान उत्पादन घट्दै गएको अवस्थामा नयाँ जात विकास गर्नुका साथै विकसित जातको प्रयोग बढाउनु अबको मुख्य आवश्यकता बनेको छ। उन्नत बिउ, भरपर्दो सिँचाइ, सन्तुलित मलखाद, यान्त्रिकीकरण र रोग-किरा व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन सके उत्पादन र उत्पादकत्व सुधार गर्न सकिने देखिन्छ।

त्यसका लागि अनुसन्धान केन्द्रले विकास गरेका जातको जानकारी स्थानीय तह र किसान समूहसम्म पुऱ्याउने, गुणस्तरीय बिउको उपलब्धता बढाउने र खेतीको उपयुक्त समयबारे प्राविधिक परामर्श दिने व्यवस्था प्रभावकारी बनाउन आवश्यक छ।

धान उत्पादनमा आएको गिरावटलाई रोक्न अनुसन्धानको दायरा विस्तार गर्नु जति महत्त्वपूर्ण छ, अनुसन्धानबाट प्राप्त उपलब्धि किसानको खेतमा कार्यान्वयन हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। जलवायु अनुकूल, बढी उत्पादन दिने र किसानको लागत घटाउन सहयोग गर्ने जात तथा प्रविधि सहज रूपमा उपलब्ध हुन सके मात्रै धान उत्पादन वृद्धिको लक्ष्य हासिल गर्न सकिनेछ।

अन्ततः धानमा आत्मनिर्भर बन्ने लक्ष्य नयाँ जात विकासमा मात्र सीमित हुनु हुँदैन। वैज्ञानिकको प्रयोगशालादेखि किसानको खेतसम्म अनुसन्धानको उपलब्धि पुऱ्याउने प्रभावकारी प्रणाली निर्माण गर्नु नै उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रमुख आधार बन्न सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दशैंका लागि नव .....



खेल सामग्रीसमेत राखिने उहाँले जानकारी दिनुभयो । बोका बलिको रसिद शुल्क बढाउने वा यथावत् राख्ने भन्ने विषयमा भने पूजा समितिको बैठकबाट निर्णय गरिने उहाँको भनाइ छ ।

हजारौं श्रद्धालु सहभागी हुने धार्मिक उत्सवको व्यवस्थापनका लागि तीनै तहका सरकारले बजेट विनियोजन नगरेको भन्दै आयोजक पक्षले असन्तुष्टि जनाएको छ। अध्यक्ष साहले यति ठूलो धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पर्वको व्यवस्थापनमा सरकारी निकायबाट पनि सहयोग हुनुपर्ने बताउनुभयो ।

दशैं मिथिला क्षेत्रमा धार्मिक आस्था, पारिवारिक पुनर्मिलन र सांस्कृतिक परम्परासँग जोडिएको प्रमुख पर्व हो । राजदेवी मन्दिर मा हुने विशेष पूजाआराधना र सामुदायिक सहभागिताले यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक पहिचानलाई निरन्तरता दिँदै आएको छ ।

# जनकपुरमा भन्सार छलीको ८ लाख ८५ हजारको सामान बरामद

खबर दर्पण समाचारदाता

**असोज २४ गते, बर्दिवास**

धनुषाको जनकपुरधाममा ई-रिक्साको सिटमुनि लुकाएर ल्याइँदै गरेका भन्सार छलीका इलेक्ट्रोनिक्स सामान प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार करिब ८ लाख ८५ हजार रुपैयाँ मूल्यका सामानसहित ई-रिक्सा र त्यसका चालकलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार आज दिउँसो करिब २ बजे जनकपुरधाम उपमहानगरपालिका-२३ स्थित बसपार्कमा खटिएको प्रहरी टोलीले महोत्तरीबाट जनकपुर तर्फ आउँदै गरेको मधेस प्रदेश ०३-००२ प १२२२ नम्बरको यात्रुबाहक इ-रिक्सा रोकेर जाँच गरेको थियो ।

जाँचका क्रममा चालक र यात्रु बस्ने सिटमुनी फल्स बटन बनाएर लुकाइएका इलेक्ट्रोनिक्स सामान फेला परेका हुन् । प्रहरीले ती सामान भन्सार छली गरी ल्याइएको जनाएको छ । प्रहरीले ई-रिक्साका चालक तथा धनी महोत्तरीको जलेश्वर नगर पालिका-२ निवासी १८ वर्षीय रवि कुमार ठाकुरलाई नियन्त्रणमा लिएको छ ।

प्रहरी प्रवक्ता एवं डीएसपी ओमप्रकाश खनालका अनुसार बरामद सामानमा एयरबड्स प्रो २०० थान, स्मार्टवाच १०० थान, न्यू ओजी ग्लास १०० थान र खुला इयरफोन २० प्याकेट रहेका छन् ।

उनका अनुसार एयरबड्सको मूल्य २ लाख, स्मार्टवाचको ८० हजार, ग्लासको ५५ हजार र इयरफोनको १ लाख ५० हजार रुपैयाँ अनुमान गरेको छ ।

त्यस्तै, सामान ओसारपसारमा प्रयोग गरिएको इ-रिक्साको मूल्य करिब ४ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ। बरामद सामान र इ-रिक्सासहित कुल मूल्य करिब ८ लाख ८५ हजार रुपैयाँ रहेको छ ।

बरामद सामान र ई-रिक्सालाई आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाउने प्रक्रिया थालिएको प्रहरीले जनाएको छ ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मटिहानी नगरपालिका, महोत्तरी**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**औरही नगरपालिका, महोत्तरी**

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

**सुचना सुचना सुचना**

**समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं । सभ्य नागरिकको परिचय दिऔं ।**

**यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी**

**डेंगुबाट कसरी बच्ने?**

बाहुला भएको/ शरीर ढाकिने लुगा लगाउने
दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।
साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।
लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
घरका झ्याल ढोकामा जाली लगाउने।

**डेंगुको उपचार के ?**



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।
+ डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
− डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
− एन्टिबायोटिकको प्रयोग भनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**
❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहर: स्वस्थ्य शहर**

❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
❖ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# नागरिकको विश्वास जित्ने गरी कांग्रेसलाई रूपान्तरण गर्छु : सभापति थापा

**खबर दर्पण समाचारदाता**
**असोज २४ गते, बर्दिवास**



नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापाले नागरिकको विश्वास पुनःस्थापित गर्ने गरी पार्टीलाई रूपान्तरण गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

सभापतिमा निर्वाचित भएपछि शनिबार पार्टी केन्द्रीय कार्यालय सानेपामा उपस्थित नेता, कार्यकर्ता तथा समर्थकलाई सम्बोधन गर्दै उहाँले आफूले प्राप्त गरेको जिम्मेवारीलाई अधिकार नभई जवाफदेहिताका रूपमा लिएको बताउनुभयो । पार्टीको नेतृत्वमा परिवर्तन हुँदैमा मात्र रूपान्तरण सम्भव नहुने उल्लेख गर्दै उहाँले कार्यशैली, जिम्मेवारी र जवाफदेहितामा समेत परिवर्तन आवश्यक रहेको धारणा राख्नुभयो ।

सभापति थापाले अहिले नागरिक र कांग्रेसबीचको विश्वास कमजोर भएको उल्लेख गर्दै त्यसलाई पुनःस्थापित गर्न सबै नेता तथा कार्यकर्ता एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । नागरिकको अपेक्षाअनुसार पार्टीलाई अघि बढाउन काम गर्ने शैली बदल्नुपर्ने उहाँको भनाइ थियो ।

महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुनु परिवर्तनको सुरुवात मात्र भएको उल्लेख गर्दै सभापति थापाले पार्टीलाई सामाजिक लोकतन्त्रका मान्यताअनुसार अघि बढाउनुपर्ने बताउनुभयो । कांग्रेसलाई विगतमा व्यक्तिगत लाभ र स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्तिबाट माथि उठाएर जनताको हितमा काम गर्ने संस्थाका रूपमा विकास गर्नुपर्ने उहाँले धारणा राख्नुभयो ।

महाधिवेशनबाट पारित प्रतिवेदनहरूको अध्ययनका लागि एक साताको समय दिइएको जानकारी दिँदै सभापति थापाले नेता तथा कार्यकर्ताबाट प्राप्त सुझावका आधारमा पहिलो केन्द्रीय कार्यसमिति बैठकबाट आगामी कार्ययोजना तयार गरिने बताउनुभयो । पार्टीको भावी दिशा तय गर्दा महाधिवेशनबाट प्राप्त सुझाव र पारित प्रतिवेदनलाई आधार बनाइने उहाँको भनाइ थियो ।

सभापति थापाले महाधिवेशनको मतगणनाबाट प्राप्त परिणामलाई जित्नेले सबै कुरा पाउने र हार्नेले सबै कुरा गुमाउने अर्थमा बुझ्न नहुने बताउनुभयो । निर्वाचनको परिणाम आइसकेपछि जित-हार को मनोविज्ञानबाट माथि उठेर पार्टीलाई बलियो बनाउन सबैले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

आफूसँग सभापति पदमा प्रतिस्पर्धा गर्नुभएका श्यामचन्द्र खड्कीप्रति धन्यवाद व्यक्त गर्दै थापाले पार्टीभित्रको प्रतिस्पर्धाले आन्तरिक लोकतन्त्रलाई जीवन्त राख्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । प्रतिस्पर्धालाई पार्टीको कमजोरीका रूपमा नभई लोकतान्त्रिक अभ्यासका रूपमा लिनुपर्ने उहाँको धारणा थियो ।

कांग्रेसलाई नयाँ ढङ्गले अघि बढाउन नेतृत्वको परिवर्तनसँगै संगठन सञ्चालनको शैली, निर्णय प्रक्रिया र कार्यकर्ताप्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने आवश्यकता औँल्याउँदै सभापति थापाले नागरिकको विश्वास जित्ने गरी पार्टीलाई रूपान्तरण गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

# धनुषाका प्रहरी युनिट प्रमुखसँग कार्यसम्पादन सम्झौता



**खबर दर्पण समाचारदाता**
**असोज २४ गते, बर्दिवास**

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्का र मातहतका इलाका प्रहरी कार्यालयका प्रमुखहरूबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ ।

जिल्लाभित्र प्रहरी सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने, जिम्मेवारीलाई थप व्यवस्थित बनाउने तथा कार्यसम्पादनमा जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यले सम्झौतामा हस्ताक्षर गरिएको हो ।

कार्यक्रममा एसपी खड्का र मातहतका इलाका प्रहरी कार्यालयका प्रमुखहरूले कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरेका थिए । सोही अवसरमा एसपी खड्काले मातहतका सम्पूर्ण प्रहरी युनिटका इन्चार्जहरूलाई आवश्यक निर्देशनसहित ब्रिफिङसमेत गरे ।

ब्रिफिङका क्रममा प्रहरी युनिटबाट सम्पादन हुने कामलाई प्रभावकारी, व्यवस्थित र जिम्मेवार बनाउन कार्यसम्पादनमा केन्द्रित रहेर निर्देशन दिइएको जनाइएको छ । प्रहरी कार्यालय तथा युनिटहरूले आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध रहँदै तोकिएका कार्य समयमै र प्रभावकारी रूपमा सम्पन्न गर्नुपर्नेमा जोड दिइएको थियो । कार्यसम्पादन सम्झौता र निर्देशनात्मक ब्रिफिङले प्रहरी संगठनभित्र जिम्मेवारीबोध, जवाफदेहिता तथा सेवा प्रवाहमा सुधार ल्याउने विश्वास गरिएको छ । साथै, यसबाट जिल्लाको शान्ति सुरक्षा कायम गर्ने तथा प्रहरी सेवालाई थप प्रभावकारी बनाउने कार्यमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**सम्सी गाउँपालिका, महोत्तरी**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

**सोनमा गाउँपालिका, महोत्तरी**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको स्पेनेट व्यवस्था भएको
- बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा




**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,